## मिति २०७५।१०।०४ गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

निर्णय नं. १ :- गाउँपालिका अन्तर्गत वडा नं ६ मा माघ १० गते आईतवार, ५ नं. वडा मा सोमवार, वडा नं. ४ मा मंगलवार, वडा नं. ३ मा विहिवार , वडा नं. २ मा बुधवार र वडा नं १ मा शुक्रवार जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :- आ.व. २०७५।०७६ को स्वीकृत वार्षिक बजेट कार्यक्रममा विकास निर्माणका कार्य गर्न विशेष अनुदानमा भूलबस रकम विनियोजन भएकोले उक्त कार्यक्रमहरु (मदर्सा भवन गौरी २०००००।- बर्देहवा दुर्गा मन्दिर अधुरो भवन निर्माण ३०००००।- र ओमसतिया मन्दिर अनुदान ३०००००।-) गर्न बजेट शिर्षक नं. २९ (ङ) सडक निर्माण बेतवलिया देखि सिलौटिया जाने शिर्षषक रकम (८०००००।-) बाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :- गाउँपालिकाका विषयगत शाखा, स्वास्थ्य शाखा एवं शिक्षक कर्मचारीहरुको तलव भत्ता विगत ३ महिना देखि निकासा नभएको कारणले भूक्तानी गर्न नसकेको पाईएको र तवल भत्ता भूक्तानीको लागि कर्मचारीहरुबाट व्यापक दवाव एवं गुनासो आईरहेको हुदाँ तत्कालका लागि गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतको कुनै शिर्षकबाट सापटी लिई तत्कालका लागि रोकिएको तवल भत्ता भूक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४ :- विज्ञापन कर सम्बन्धी सम्झौता गरेको आकृति Advertising लाई रकम उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५ :- (क) न्यायिक समितिले उजुरी कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधीका सम्बन्धमा व्यवस्थामा गर्न बनेको ऐन -२०७५ को दफा ५९ को १ (क) लाई संशोधन गरी मेलमिलापकर्ताको योग्यता स्नातकबाट संशोधन गरी कम्तीमा आठ पास गरेको हुनु पर्ने गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो

ख) गाउँपालिकाको वाषिएक स्वीकृत कार्यक्रम अन्तर्गत विनियोजन भएको गाउँकार्यपालिका पदाधिकारीहरुको भ्रमण ( अध्ययन अवलोकन) मध्यपशिचमाञ्चल एवं सुदुरपशिचमाञ्चल का स्थानीय तहहरुको भ्रमण मिति २०७५।१०।१५ देखि गर्ने निर्णय गरियो ।

ग) श्री पोखरभिण्डी धनुषयज्ञ तथा विराट दंगल पोखरभिण्डीलाई सहयोग वापत रु. पन्ध्र हजार (१५०००।-)उपलब्ध गराउने निर्णय गरियो ।

घ) श्री विष्णु धन धान्यान्चल ज्ञान महायज्ञ रोहिणी-३ परासीझुङ्गा रुपन्देहीलाई आर्थिक सहयोग स्वरुप एकाईस हजार (२१०००।-) दिने निर्णय गरियो ।

ङ) ठुटीपीपल हाटबजारलाई यस आ.व.मा ठेक्कामा लगाईएको र ठेक्केदारले विभिन्न कारणबाट बैठकी उठाउन नसकेको हुदाँ ठेक्का कबोल अंकको केही रकम छुट गरिदिनु हुन भनी निवेदन पेश गरेको र निजको कारण उपयुक्त देखिएको हुदाँ कबोल अंकको रु. एक लाख (१०००००।-) छुट गरिदिने निर्णय गरियो ।

च) ईन्द्रेणी सांस्कृतिक युवा क्लव ओमसतिया १ कटैया रुपन्देहीलाई खिचडी महोत्सव संचालन गर्दा लागिको खर्च मध्ये रु. २५०००।- (पच्चिस हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

छ) गाउँपालिका स्तरीय लक्षित कार्यक्रमबाट अपाङ्गहरुलाई व्हील चियर खरिद गरी वितरण गर्ने निर्णय गरियो । साथै वडा कार्यालय मिति २०७५।१०।८ गते भित्र अपाङ्ग (व्हील चियर प्रयोग गर्नु पर्ने) को विवरण पठाउन समय दिने निर्णय गरियो ।

ज) तमु ह्युल छोंज धीं ईकाई समिति ओमसतिया १ र २ लाई तमु ल्होसार कार्यक्रम संचालन गर्न पैतिस हजार (३५०००।-) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

झ) कृषि तथा पशु प्रसार कार्यक्रम संचालन गर्न अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि ओमसतिया गा.पा.को कृषि तथा पशु सेवा सम्बन्धी अनुदान रकम उपलब्ध गराउने कार्यविधी बनाई लागू गर्ने निर्णय गरियो ।

ञ) गाउँ शिक्षा समितिद्वारा कक्षा थप अनुमति प्रदान गर्न सिफारिस गरिएका तपसिलमा उल्लेखित विद्यालयहरुलाई शिक्षा समितिबाट पेश भए बमोजिम कक्षा थप अनुमति प्रदान गर्ने निर्णय गरियो ।

## १- संस्थागत तथा धार्मिक विद्यालयहरुको अनुमति सम्बन्धमा

<u>निर्णय नं. १ :-</u> प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा ओमसतिया गाउँपालिका अन्तर्गत संचालित देहायका संस्थागत तथा धार्मिक विद्यालयहरुले देहायको कक्षा सम्म शैक्षिक सत्र २०७५ देखि संचालन गर्ने अनुमति माग गर्दै पेश गरेको आवेदन फारमका आधारमा शिक्षा समिति पदाधिकारी सहित स्थलगत अनुगमन गर्दा ग्रामिण क्षेत्रमा कक्षा संचालनको लागि आवश्यक न्यूनतम पूर्वाधार पुरा गरेका तथा लामो समय देखि अनुमति विना नै कक्षा संचालन गरि कानुनी प्रकृयामा नछिरेका विद्यालयहरुको हकमा ओमसतिया शिक्षा ऐन २०७४ को दफा १६ ले एक पटक को लागि विशेष व्यवस्था गरिने छ भन्ने प्रावधान राखेको हुदा सोका आधारमा प्राथमिक तहको अथवा नि.मा.तहको शुरु कक्षाहरुको अनुमति भै सकेको तर माथिल्लो कक्षा संचालनमा रहेका देहायका संस्थागत विद्यालय तथा धार्मिक विद्यालयहरुको अनुगमन गर्दा निम्न विद्यालयहरुलाई निम्न कक्षा सम्मको अनुमतिका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

| क.सं. | विद्यालयको नाम | अनुमति कक्षा | संचालित कक्षा | सिफारिस गरिएका कक्षा |
|---|---|---|---|---|
| १ | ज्ञान ज्योति ई.बो.स्कुल | ५ (पाँच) | ६ (छ) | कक्षा ६ मात्र |
| २ | भेनस ई.स्कुल | २ (दुई) | ५ (पाँच) | कक्षा ५ सम्म |
| ३ | फ्लोरल ई. स्कुल | २ (दुई) | ३ (तीन) | कक्षा ३ तीन |
| ४ | सतिया ई. स्कुल | ६ (छ) | ८ सम्म | कक्षा ८ सम्म |

राजु नेपाल
प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५ | सत्य रावणी नेट किंग ई.स्कुल | ३ (तीन) | ५ सम्म | कक्षा ५ सम्म |
| ६ | ग्लोवल पब्लिक ई.स्कुल | ३ (तीन) | ४ (चार) | कक्षा ४ मात्र |
| ७ | कसमस एकेडेमी | २ (दुई) | ५ (पाँच) | कक्षा ५ सम्म |
| ८ | सोसल ग्रीन प्लाण्ट | २ (दुई) | ५ (पाँच) | कक्षा ५ सम्म |
| ९ | सेभेन हेभेन एकेडेमी | ५ (पाँच) | ६ (छ) | कक्षा ६ मात्र |
| १० | मर्दसा अरविया ईस्लामिया ओलुम | २ (दुई) | ३ (तीन) | कक्षा ३ मात्र |
| ११ | मर्दसा कादरिया अहले सुन्नत मिसवाहुल ओलुम | ४ (चार) | ५ (पाँच) | कक्षा ५ पाच |

निम्नतम पूर्वाधार र आवश्यक कागजात नभएका विद्यालयहरु

१ मोडेल स्टार लाईट ई.स्कुल कक्षा ६ अनुमति नभएको कक्षा ७ र ८ मागेको

२. न्यू अक्स्फोर्ड ई.स्कुल भौतिक पूर्वाधार नभएको

३. पट्खौ क्रियटिभ ई.स्कुल : २०७४ फाल्गुन देखि बन्द भएको ।

४. वार्ड ई स्कुलको कम्पनी दर्ता अथवा गुठी दर्ता नभएकोले गुठी दर्ताको प्रावधान आएमा पछि कक्षा १ सम्मको लागि विचार गर्न सकिने गरी हाल स्थगित ।